## सीप परीक्षण मूल्यांकनकर्ता तालिम (Skill Test Assessor Training)सम्वन्धी आवेदन माग सूचना

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

सूचना प्रकाशित मितिः२०८०/१२/०७

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोश्रो चरण (NVQS-II) को आर्थिक सहयोग र प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, / राष्ट्रिय सीप परीक्षण समिति (NSTB) तथा प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) को सहकार्यमा, मधेश प्रदेश, जनकपुरधाम, धनुषामा संचालन हुने ५ दिने सीप परीक्षण मूल्यांकनकर्ता तालिम (SkillTest Assessor Training) मा सहभागी हुन इच्छुक प्राविधिक तथा व्यावसायिक विषयका तपशिलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले मिति २०८०/१२/१६ गते भित्र, शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशको इमेल moesw.madhesh@gmail.comवा आवेदनका लागि आवश्यक कागजपत्रहरु सहित नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, शिक्षा तथा संस्कृति मन्त्रालय,मधेश प्रदेशमा स्वयम् उपस्थित भई आवेदन पेश गर्नहुन अनुरोध गरिन्छ। आवेदन फारम https://ctevtp2.org.np वा https://mowcys.madhesh.gov.np बाट डाउनलोड गरि वा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशबाट हार्ड कपि प्राप्त गरी आवेदन दिन सकिनेछ।

### सहभागी छनौटका लागि शर्त तथा मापदण्डहरुः

१.निबेदन पेश गर्न सकिने विषयहरुः

| क्र.स. | पेशा | क्र.स. | पेशा |
|---|---|---|---|
| १ | मोवाइल फोन रिपेयर टेक्निसियन (Mobile Phone Repair Technician) | ८ | वेल्डर (Welder) |
| २ | बिल्डिंग पेन्टर (Building Painter) | ९ | गार्मेन्ट फेब्रिकेटर (Garment Fabricator) |
| ३ | प्लम्बर (Plumber) | १० | ब्युटिसियन (Beautician) |
| ४ | प्रारम्भिक बाल विकास सहजकर्ता (Early Childhood Development Facilitator) | ११ | टेलरिङ्ग (Tailoring) |
| ५ | कन्स्ट्रक्सन मेसन (Construction Mason) | १२ | मोटरसाइकल मेकानिक (Motorcycle Mechanic) |
| ६ | रेफ्रिजिरेटर तथा ए.सी. मेकानिक (Refrigerator and ACMechanic) | १३ | कृषि जे.टि.ए., जे.टि.(Agriculture JTA, JT) |
| ७ | कम्प्युटर हार्डवेयर/नेटवर्क टेक्निसियन (Computer HW and Network Technician) | १४ | पशुपालनजे.टि.ए., जे.टि.(Livestock JTA, JT) |

शाखा अधिकृत

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय

१. तालिममा सहभागी हुनका लागि आवश्यक योग्यता

क. कम्तिमा एस.इ.इ./एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यवसायमा राष्ट्रिय सीप परीक्षण समितिको कम्तिमा तह २ उत्तीर्ण गरेको

वा,

उल्लेखित पेशा/व्यवसायसँग सम्बन्धित विषयमा कम्तिमा प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यवसायमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको

वा,

औपचारीक अध्ययन-अध्यापन नहुने र राष्ट्रिय सीप परीक्षण समितिको तह २ नभएको व्यवसायको हकमा एस.एल.सी./एस.इ.इ. उत्तीर्ण भई राष्ट्रिय सीप परीक्षण समितिको तह १ उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यवसायमा कम्तिमा ३ वर्ष कार्यअनुभव भएको ।

ख. मधेश प्रदेशमा स्थायी ठेगाना भएको वा मधेश प्रदेशमा रही सम्बन्धित पेशामा संलग्न भई सीप मूल्यांकनकर्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्ति ।

ग. आवश्यकता अनुसार सीप मूल्यांकनको समयमा सीप परीक्षण मूल्यांकनकर्ताको रुपमा उपलब्ध हुन सक्ने व्यक्ति ।

२. छनौटका आधारहरु

पेशा/व्यवसायसंग सम्बन्धित योग्यता, आवेदकको सामाजिक समूह (महिला, दलित, जनजाती, अल्पसंख्यक), सीप परीक्षण केन्द्र रहेको जिल्ला भित्रको स्थायी बसोबास, सम्बन्धित पेशामा संलग्नता र कार्यअनुभव । छनौटका लागि सम्बन्धित पेशा/व्यावसायको माथिल्लो तहको प्रमाण-पत्रलाइ प्राथमिकता दिइनेछ।

३. आवेदन फारमका साथपेश गर्नुपर्ने कागजातहरु

नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, सीप परीक्षणका प्रमाणपत्रहरु, सम्बन्धित पेशा/व्यवसायमा भएका कार्यअनुभवको कागजातहरु, लक्षित वर्ग जनाउने सिफारिसपत्र र बसाई सराई वा विबाह गरी आएको भए सो सम्बन्धित कागजातहरु ।

४. तालिम अवधि र समय

सीप परीक्षण मूल्यांकनकर्ता (Assessor) तालिमको अवधि ५ दिनको हुनेछ र समय बिहान ८:०० बजे देखि बेलुकी ४:४५ सम्म हुनेछ, तालिम अवधिभर पुरा समय सहभागी

शाखा अधिकृत

हुनुपर्नेछ र तालिम समाप्त पश्चात्सफल भएका व्यक्तिहरुलाई मात्र प्रमाण-पत्र तथा सीप मूल्यांकनकर्ता परिचयपत्र प्रदान गरिनेछ ।

५. तालिमका लागि छनौट भएका आवेदकहरुलाई टेलीफोन वाSMS मार्फत जानकारी गराइने छ , कुनै कारणले सम्पर्कहुन नसकेमा आवेदक स्वयम् जिम्मेवार हुनुपर्ने छ ।

६. शर्त सहित कागजात अपुग रहेको र पूर्ण रुपमा नभरिएको आवेदन स्वीकार गरिने छैन।

७. तालिम सम्पन्न भएपछि नियमानुसार तालिम अवधिको निर्वाहभत्ता उपलव्ध गराइनेछ।

८. छनोट भएका सहभागीहरुले तालिममा आउदा पहिलो दिन नै उल्लेखित सक्कल कागजातहरु ल्याउनुपर्ने छ ।

२०८०/१२/०६

..............................

रामहृदय यादव

(शाखा अधिकृत)

शाखा अधिकृत

नोटः

१. माथि उल्लेखित पेशा व्यवसाय क्षेत्र (Sector) सँग सम्बन्धितआवेदकले पनि आवेदन दिन सकिने छ । साथै प्रमाणित सीप परिक्षणकेन्द्र तथा सम्बन्धित पेशाका संघ/महासंघहरुबाट सिफारिस भै आएकाहरुलाई तालिमको लागि प्राथमिकता दिइनेछ ।

२. थप जानकारीका लागिशिक्षा तथा संस्कृतिमन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-II), प्रदेश परियोजना सहयोग सहयोग इकाईको फोन न. ०४१-५९१४४० मा सम्पर्क गर्नुहोला वा सम्पर्क व्यक्तिहरु; सुवास घिमिरे-९८१८९०१३१६ र पुनम यादव ९८६५१०८८२७लाई पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

पुनाश्चः इमेलमा आवेदन  पठाईसकेपछि सुनुश्चितता गर्नहुन अनुरोध छ ।